# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

प.सः ०८२/०८३
च.नं. ५०२१

मिति २०८३/०३/०१

**विषय : योजना तथा कार्यक्रमको भुक्तानी सम्बन्धमा।**

श्री वडा कार्यालयहरु (सबै), श्री स्वास्थ्य सँस्थाहरु (सबै),
श्री विषयगत शाखाहरु (सबै), श्री सामुदायिक विद्यालयहरु (सबै),
श्री निर्माण व्यवसायीहरु, आपूर्तिकर्ताहरु, टोल विकास सँस्था तथा उपभोक्ता समितिहरु (सबै),
श्री सरोकारवालाहरु (सबै) ।

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८२/८३ को नगरपालिकाको विनियोजन ऐन बमोजिमका नगरपालिकासँग सम्झौता भई वा कार्यदिश पाई संचालित योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि सम्पूर्ण प्रकृया पूरा गरी यथाशिघ्र फाइल पेश गर्नुहुन अनुरोध छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष सम्पन्न हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिई निकासा बन्द गरी सशर्त, समपुरक र विशेष अनुदानको खर्च नभई बाँकी रकेहो रकम चालु आर्थिक वर्ष भित्र नै संघ तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने, कर दाखिला गर्नुपर्ने र वित्तीय प्रतिवेदन तयार गरी तालुक निकायमा पेश गर्नुपर्ने कानूनी प्रावधान रहेको छ।

आन्तरिक श्रोत, राजश्व बाँडफाँड, वित्तीय सामानिकरण अनुदान लगायतका श्रोतमा विनियोजित बजेट भन्दा कम निकासा प्राप्त हुने र एकैपटक भुक्तानी गर्दा भुक्तानी प्रणालीमा चाप आई SuTRA को सर्भर ढिलो हुने, अनुगमन र नापजाँचमा समेत समय अभाव हुने भएकाले शाखाहरु र वडासँग सम्बन्धित **कार्यक्रमहरु र योजनाहरुको भुक्तानीका लागि २०८३ असार १५ गते भित्रमा** सम्पूर्ण प्रकृया पूरा गरी नगरपालिकाको आर्थिक प्रशासन शाखामा फाइल पेश गर्नुहुन अनुरोध गर्दै समयमै कागजात पेश नभएको कारणबाट भुक्तानीमा समस्या आएमा कार्यालय जवाफदेही नहुने व्यहोरा जानकारी गराइन्छ ।

अनोज कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ:**

श्री नगर प्रमुखज्यूको सचिवालय, जानकारीका लागि अनुरोध छ।
श्री नगर उपप्रमुखज्यूको सचिवालय, जानकारीका लागि अनुरोध छ।
श्री वडाध्यक्ष्यज्यूहरु (सबै), - समन्वयका लागि अनुरोध छ ।

**वोधार्थ** : श्री सूचना प्रविधि शाखा – वेवसाइट र फेसबुक पेजमा अपलोड गरी सम्बन्धित शाखा र वडालाई इमेल मार्फत जानकारी दिनहुन ।